www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

प.सं. २०७५/०७६ २०७३ गण्डकी प्रदेश, नेपाल

च.नं.

## आ.व.२०७५/०७६ को ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन् गरी बिक्री गर्ने कार्यको शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७५ पौष १५ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७५/०७६ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र/दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र शिलबन्दी बोलपत्र/दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सुचीत गरिन्छ। अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी, वेभसाइट www.shahidlakhanmun.gov.npतथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| क्र. सं. | ठेक्का नं. | विवरण | अधिकतम परिमाण (घनफीट) | न्यूनतम अंक (मु. अ. कर र अग्रिम आय कर बाहेक) | बोलपत्र/दरभाउपत्र फारा दस्तुर (रु.) | धरौटी रकम | बोलपत्र/दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र फारम पेश गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | SLRM/GO/SQ/075-076/07 | शहिदलखनगाँउपालिका, वडा नं.३, क्षेत्र भएर मर्स्याङ्गदी नदीको करन्टार घाटको ढुङ्गा/गिट्टी/बालुवा | १,४०,५३४/ | ६,६४,११०/०० | १००० मात्र | कबुल अंकको ५ प्रतिशत | १५ औ दिन कार्यालय समय सम्म | १६ औ दिन दिउँसो १२:०० बजे सम्म | |

**बोलपत्र/दरभाउपत्रसम्बन्धीशर्तहरुः**

१. बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं./मु.अ. करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७४/०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

२. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र/दरभाउपत्र फाराम बोलपत्र/दरभाउपत्र दाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।

३. बोलपत्र/दरभाउपत्र फाराम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको प्राइम कमर्शियल बैंक लि. शहिद लखन शाखामा रहेको धरौटी खाता नं. ०५८०००२७CA मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र (बिड वण्ड) गोप्य शिलबन्दी बोलपत्र/दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

४. बोलपत्र स्वीकृत भएपछि सुचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर/मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ।सो अवधि भित्र सम्झौता गरि पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता ६० % सम्झौताको बखत दाखिला गरी बाँकी ४० % को हकमा जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट २०७६ अषाढ मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) समझौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्नेछ। बाँकी ४०% रकम २०७५ साल चैत्र मसान्त सम्म नियमानुसार बुझाईसक्नु पर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समावेश गर्न पाईने छैन।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.कर (VAT)१३% र अग्रीम आयकर बापतको १.५% रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ।

७. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताको बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ।तर नियमानुसार लाग्ने करमा भने छुट दिइने छैन।

८. शुल्क उठाउने रसिद ठेक्काको शिर्षक उल्लेख गरि ३/३प्रति भएको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ।

९. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएकोरित नपुगेको बोलपत्र/दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन।

१०. पेश भएका बोलपत्र/दरभाउपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा विक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति एवम् गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ।

१२. शहिद लखन गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्रबाहेकका नदी दायाँबायाँ किनारको ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशुल हुनुपर्ने छ। तर नदीनालाको पुल तल माथि दुवैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन।

१३. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा यस कार्यालयले तोकेको दररेटमा मात्र अशुली गर्नुपर्नेछ।

१४. ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा ढुवानी कार्य सुर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन।

१५. प्राकृतिक श्रोत साधन ओसारपसार गर्दा निश्चित तोकिएको एउटामात्रै बाटो प्रयोग गर्नु पर्नेछ तथा निकासीका लागि प्रयोग गरिएको बाटो गाउँपालिका कार्यालयको निर्देशनमा बोलपत्र/दरभाउपत्रदाताले मर्मत सुधार गर्नुपर्नेछ।

१६. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून बिल काटी ढुवानीका साधन सडकमा गुडाउन, र ढुंगा, गिट्टी, बालुवा पानी चुहाएर वा नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन।

१७. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाइने छैन, त्यसका लागि बोलपत्र/दरभाउपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ।

१८. कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन।नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र/दरभाउपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ।

१९. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको म्याद भित्र नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइने छ।साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

२०.सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तब्य एवं दायित्व हुनेछ।नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति, हानि नोक्सानी हुन गएमा सो को क्षितिपूर्तिको दायित्व ठेकेदारले गाउँपालिकासँग दाबि गर्न पाउने छैन।

२१.यो ठेक्कासंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको सुविधाको लागि सूचना को प्रकाशित मितिको १० औं दिन प्रि. विड बैठक राखिनेछ।

२२.यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, कार्यविधि, जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE)प्रतिवेदन २०७५ बमोजिम हुनेछ। प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ का प्रावधानहरुको व्याख्या गर्ने अधिकार शहिद लखन गाउँपालिकामा सुरक्षित रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**